**National News Bulletin**

**April 09, 2025**

**प्रमुख समाचार:**

- **सरकारले आन्ध्रप्रदेश र तमिलनाडुमा तिरूपति पाकली करपडी सिगल रेल लाईन खण्डको दोहरीकरणलाई स्वीकृती दिएकोछ। सरकारले छ लेनको जीरकपुर पाईणसको निर्माण र प्रधानमन्त्री कृषि सिचाई योजनाको उप योजनाको तवरमा कमांड सरिया डेवेलोपमेण्ट र जल प्रवन्धको आधुनिकीकरणलाई पनि स्वीकृती दिएकोछ।**
- **राष्रपति द्रौपदी मुर्मुले स्लोवाक गणराज्यका राष्रट्रपति पीटर पेलेग्रिनीसित आज ब्राटिस्लावामा प्रतिनिधिमणडल स्तरीय वार्ता गर्नुभएको छ।**
- **प्रधानमन्त्री नरेन्द्र मोदीले नयाँ  दिल्लीमा नवचार महामन्त्र दिवसमा आयोजित एक कार्यक्रमलाई संवोधित गर्दै जलवालु परिवर्तन आजको भन्दा ठूलो खतरा बताउँदै समावेशी दिनचर्ण यसको एकमात्री उपाय भएको भन्नुभयो।**
- **आई पी एल, टि- 20 क्रिकेटमा अहमदावादको नरेन्द्र मोदी स्टेडियममा Gujarat titans र Rajasthan Royals बीच भीड़न्त भई रहेकोछ।**

**आई पी एल**

IPL, T-20 क्रिकेटमा अहमदाबादको नरेन्द्र मोदी स्टेडियममा गुजरात टाइटन्स र राजस्थान रॉयल्स बीच भीड़न्त भई रहेकोछ।

---

***प्रधानमन्त्री- रामसहाय पाण्डेप***

प्रधानमन्त्री नरेन्द्र मोदीले प्रसिद्ध लोक कलाकार पद्मश्री रामसहाय पाण्डेयको निधनमा दुख ब्यक्त गर्नुभएकोछ। एक Social Media Post मा श्री मोदीले के भन्नुभएकोछ भने, आफ्नो अदभुत कला लगन र परिश्रमले रामसहाय पांडेयले बुंदेलखण्डको लोकनृत्य राईलाई अन्तर्राष्ट्रिय ख्याति दिलाउनुभयो। प्रधानमन्त्रीले श्री पाण्डेयको निधन, देशका कला जगतका लागि अपूरणीय क्षति हो, भन्नुभयो।

---

***प्रधानम्न्त्री नवकार***

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा नवकार महामन्त्र दिवसको उपलक्ष्यमा आयोजित एक कार्यक्रमलाई संवोधित गर्नुभयो। श्री मोदीले जलवायु परिवर्तनलाई आजको सबभन्दा ठूलो खतरा बताउँदै यसको उपाय समावेशी दिनचर्या मात्र हो भन्नुभयो, जसको अनुधालन जैन समुदायले बरसो देखि गर्दै आउँदैछ। भारतमाथि विश्वको विश्वास झन गहिरो हुँदै गएकोछ, उहाँले भन्नुभयो।

श्री गोदीले स्वदेशी उत्पादहरूको बढ़ी खरीद गर्ने अनि अरूलआई पनि यसका लागि प्रोत्साहित गर्ने आवश्यक्ता माथि जोढ़ दिनुभयो। सम्मेलनको बेला प्रधानमन्त्रीले एक सय आठ भन्दा बढ़ी देशहरूबाट आएका मानिसहरूका साथ आध्मिक महामन्त्र नवकारको जाप पनि गर्नुभयो।

---

***राष्ट्रपति स्लोवाकिया यात्रा***

राष्ट्रपति द्रौपदी मुर्मुले स्लोवाक गणराज्यका राष्ट्रपति पीटर पेलेग्रिनीसित आज ब्रातिस्लावाद प्रतिनिधिमण्डल स्तरीय वार्ता गर्नुभएकोछ।

उहाँहरूले दिपक्षीय संबधका विभिन्न पक्षहरू तथा साझा वैश्विक क्षेत्रीय राष्ट्रपतिले दिपक्षीय संबधहरूलाई दरिलो पार्ने दिशामा राष्ट्रपति पेलेनिनीको ब्यक्तिगत प्रतिवद्धता र पहलको प्रशन्सा ,गर्नुभयो ।

दुई समझौता ज्ञापनहरूमा हस्ताक्षर गरिएकोछ । पहिलो सम्झौता राष्ट्रीय लघु र मध्यम उद्योग क्षेत्रमा सहयोग र दोस्रो समझौता सुषमा स्वराज विदेश सेवा संस्थान र स्लोवाक विदेश तथा यूरोपेली कार्य मन्त्रासलयका बीच सहयोग सित संबधित छ ।

राष्ट्रपति मुर्मुले स्लोवाकियामा भारतीय कला तथा संस्क-तिको लोकप्रिया रहेकोछ, भन्नुभयो । एक देखि चार मई सम्म मुम्बई मा हुनेभएको वेव्स शिखर सम्मेलनमा सक्रिय सहभागीता गर्न भनी उहाँले Slovakia लाई निमन्त्रमण दिनुभयो ।

यस अघि राष्ट्रपति द्रौपदी मुर्मुको स्लोवाक गणराज्यका राष्ट्रपतिले Bratislava मा राष्ट्रपति भवनमा उहाँको पारम्परिक स्वागत गर्नुभयो । उहाँलाई Guard Of Honour द्वारा पनि सम्मानित गरियो ।

---

***काठमांडौ बिमस्टेक सम्मेलन***

बहुक्षेत्रीय तकनीकी र आर्थिक सहयोगका लागि बंगालको खड़ी पहल बिम्स्टेकको तेस्रो कृषि मन्त्री स्तरीय बैठक आज काठमांडौमा भयो । केन्द्रिय कृषि र किसान तथा ग्रामीण बिकास मन्त्री भूटानका कृषि मन्त्री ल्योन्पो यूटेन फुटशोको नेतृत्वमा भारतीय प्रतिनिधिमण्डल बैठकमा भाग लिनका लागि गए साझा काठमांडौ पुगेको थियो । Bimstec का अन्य पाँच सदस्य देशका कृषि मन्त्रीहरू बैठकमा Virtual माध्यम मार्फत शामेल भए नेपालका कृषि मन्त्री रामनाथ अधिकारीले बैठकको अध्यक्षता गर्नुभयो । बैठकमा कृषिको स्थिति र चुनौतीहरू तथा सदस्य देशहरू बीच सहयोग संवन्धित मामिलाहरूबारे चर्चा भयो । भारतको तर्फबाट केन्द्रिय कृषि एवम किसान कल्याण तथा ग्रामीण विकास मन्त्री शिवराज सिंह चौहानले बेठकलाई संबोधित गर्नुभयो ।

---

***भारत फ्रान्स***

भारतले फ्रान्ससित 26 राकाल मरीन लडाकू विमानको खरीद गर्ने भएकोछ ।

केही साता भित्र यसलाई औपचारिक रूप दिइनेछ । रक्षा सूत्रका अनुसार, 26 राफाल मरीन विमानहरू मध्ये 22 सिंगल सीटर र चार डबल सीटर हुनेछन् । यी विमानहरू शामेल भएपछी नोसेनाको शक्ति कैयन गुणा बढनेछ ।

---

सड़क परिवहन तथा राजमार्ग मन्त्री नितिन गडकरीले देशमा पालयन कम गर्नका लागि ग्रामीण क्षेत्रहरूमा ध्यान केन्द्रित गर्दै नीतिहरू बनाउनु पर्ने भन्नुभएकोछ । नयाँ दिल्लीमा आज किसान कुंभ 2025 कार्यक्रममा गडकरीले यी नीतिहरूको लाभ किसान ग्रामीण क्षेत्रहरूमा बसोबास गर्ने कमजोड़ वर्गहरूलाई प्राप्त भन्नुभयो ।

मन्त्री महोदयले किसानहरूलाई पर्ने पनि अद्यमी आवश्यक्तामा जोड़ दिनुभयो ।

---

***मन्त्रीमण्डल- निर्णय***

सरकारले आन्ध्रप्रदेश र तमिलनाडुमा तिरूपति पाकला कटपड़ी सिगल रेल लाइन्न खण्डको दोहरीकरणलाई स्वीकृती दिएकोछ । सूचना प्रसारण मन्त्री अश्विनी वैष्णवले केन्द्रिय मन्त्रीमण्डलका निर्ण.हरूबारे आज नयाँ दिल्लीमा जानकारी दिँदै भन्नुभयो, यस परियोजनाले वेल्लोर तथा तिरूपतिका शैक्षिक र चिकित्सा केन्द्रहरू सम्म संपर्क बढ्नेछ । यस परियोजनाले आन्ध्रप्रदेशका चिन्टर तथा तिरूपति जिल्ला अनि तमिलनाडुको वेल्लोर जिल्लालआई लाभ प्राप्त हुनेछ । परियोजनाको अनुमानित लागत एक हजार तीन सय बत्तीस करोढ़ रूपियाँ हुनेछ ।

श्री वैष्णवले, यस Multi Tracking लगभग 400 गाउँहरूका 14 लाख मानिसहरूलाई लाभ प्राप्त हुनेछ, भन्नुभयो । उहाँले भन्नुभयो, कोयला, कृषि- सामग्री सीमेन्ट र अन्य खनिजहरूको आवागमन का लागि यो एक आवश्यक मार्ग हो ।

सरकारले छ लेनको जीरकपुर बाईपासको निर्माणलाई पनि स्वीकृती । यसमा एक हजार 878 करोढ़ रूपियाँको लगात आउनेछ ।

मन्त्रीमण्डलले प्रधानमन्त्री कृषि सिचाई योजनाको उप योजनाको तवरमा कमांड एरिया डेवलप्मेन्ट र जल प्रवन्धनको आधुनिकीकरणलाई पनि स्वीकृती दिएकोछ।

---

अन्त्य मा मुख्य समाचार पुन एकपल्ट

- **सरकारले आन्ध्रप्रदेश र तमिलनाडुमा तिरूपति पाकली करपडी सिगल रेल लाईन खण्डको दोहरीकरणलाई स्वीकृती दिएकोछ। सरकारले छ लेनको जीरकपुर पाईणसको निर्माण र प्रधानमन्त्री कृषि सिचाई योजनाको उप योजनाको तवरमा कमांड सरिया डेवेलोपमेण्ट र जल प्रवन्धको आधुनिकीकरणलाई पनि स्वीकृती दिएकोछ।**
- **राष्ट्रपति द्रौपदी मुर्मुले स्लोवाक गणराज्यका राष्ट्रपति पीटर पेलेग्रिनीसित आज ब्राटिस्लावामा प्रतिनिधिमणडल स्तरीय वार्ता गर्नुभएको छ।**
- **प्रधानमन्त्री नरेन्द्र मोदीले नयाँ  दिल्लीमा नवचार महामन्त्र दिवसमा आयोजित एक कार्यक्रमलाई संवोधित गर्दै जलवालु परिवर्तन आजको भन्दा ठूलो खतरा बताउँदै समावेशी दिनचर्ण यसको एकमात्री उपाय भएको भन्नुभयो।**
- **आई पी एल, टि- 20 क्रिकेटमा अहमदावादको नरेन्द्र मोदी स्टेडियममा Gujarat titans र Rajasthan Royals बीच भीड़न्त भई रहेकोछ।**